श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**<u>फैसला</u>**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.**<u>६६</u>**(हा.ह.ख.ख.)

<u>दर्ता मिति</u> :– **<u>२०७०/१०/०२</u>**

मुद्दा :– **<u>अवैध खरखजाना</u>** ।

<u>निर्णय नं.५८८</u>, <u>मिति :– **२०७०/१०/०३**</u>

**<u>वादी</u>**

महानगरीय प्रहरी वृत्त,गौशाला काठमाण्डौंका प्र.ना.नि.रामबहादुर कार्कीको प्रतिवेदन जाहेरीले **नेपाल सरकार**.......... .........१

निजको प्रमाण..................................

साक्षी.............................................

कागज...........................................

**<u>प्रतिवादी</u>**

अमेरिकी नागरिक वर्ष ३९ को 077765060 राहदानी बाहक JOHN DAVID RUBEN LEONARD ..........................................................१

निजको प्रमाण ...................................................................

साक्षी ..........................................................................

कागज ........................................................................

**<u>यस कार्यालयबाट बुझेको</u>**

प्रमाण............................................

साक्षी...........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०७०/०९/२७ गते म.न.प्र.बृत्त गौशालाको प्रहरी हिरासत कक्षमा चेकजाँच गर्ने क्रममा अमेरिकी नागरिक वर्ष ३९ को 077765060 राहदानी बाहक JOHN DAVID RUBEN LEONARD को झोला चेकजाँच गर्दा गोली ७ राउण्ड र म्याग्जिन १ थान फेला परेको भन्ने व्यहोराको बरामदी मुचुल्का तथा निज प्रतिवादीलाई कारवाही गरी पाउ भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

२. मिति २०७०/०९/२७ गते म.न.प्र.बृत्त गौशालाको हिरासत कक्षमा चेक जाँच गर्ने क्रममा मेरो साथमा रहेको झोलाबाट गोली ७ राउण्ड र म्याग्जिन थान १ प्रहरीले बरामद गरेको हो, उक्त गोली र म्याग्जिन भुलबस नेपालसम्म ल्याएको हुँ भन्ने समेत व्यहोराको JOHN DAVID RUBEN LEONARD ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान

३. मिति २०७०/०९/२७ गते म.न.प्र.बृत्त गौशालाको हिरासत कक्षमा चेकजाँच गर्ने क्रममा अमेरिकी नागरिक 077765060 राहदानी बाहक JOHN DAVID RUBEN LEONARD को झोलाबाट गोली राउण्ड ७ र म्याग्जिन थान १ प्रहरीले वरामद गरेको हामीले देखेका हौ भन्ने व्यहोराको बुझिएका मानिसहरु धन कुमारी घिमिरे र धर्मराज रेग्मीको एकै मिलानको लेखी दिएको बयान कागज ।

४. मिति २०७०/०९/२७ गते म.न.प्र.बृत्त गौशालाको हिरासत कक्षमा चेकजाँच गर्ने क्रममा अमेरिकी नागरिक वर्ष ३९ को 077765060 राहदानी बाहक JOHN DAVID RUBEN LEONARD को झोला चेकजाँच गर्दा गोली ७ राउण्ड र म्याग्जिन १ थान फेला परेको भन्ने व्यहोराको मरामदी मुचुल्का । अनुसन्धानको क्रममा यी प्रतिवादी JOHN DAVID RUBEN LEONARD ले बयान गर्दा मिति २०७०/०९/२७ गते

म.न.प्र.बृत्त गौशालाको हिरासत कक्षमा चेकजाँच गर्ने क्रममा मेरो साथमा रहेको झोलाबाट गोली ७ राउण्ड र म्याग्जिन १ थान प्रहरीले बरामद गरेको उक्त गोली र म्याग्जिन मैले भुलबस नेपालसम्म ल्याएको हुँ भन्ने समेत व्यहोरा उल्लेख गरी बयान गरेकोमा बुझिएका मानिसहरुले कागज गर्दा प्रहरी प्रतिवेदनलाई पुष्टि हुने गरी कागज गरि दिएको समेत तथ्यका आधार प्रमाणहरुबाट निज प्रतिवादी JOHN DAVID RUBEN LEONARD को उक्त कार्य हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) बमोजिमको कसूर गरेको हुदा निज प्रतिवादी उपर सोही ऐनको दफा २०(३) बमोजिमको सजाय हुन र प्रतिवादीबाट वरामद भई आएको गोली थान ७ र म्याग्जिन थान १ सोही ऐनको दफा १६ बमोजिम जफत हुन माँगदावी लिई अभियोग-पत्र प्रस्तुत भएको ।

५. नेपाल स्थित अमेरिकी राजदुताबासको १४ जनवरी, २०१४ को जो जँस सँग सम्वन्धितलाई लेखिएको पत्रबाट निज JOHN DAVID RUBEN LEONARD, National Park Sarvice ( Part Of The U.S.Department Of The Interior ) मा U.S. Federal Law enforcement officer को पदमा कामकाज गर्ने कर्मचारी भएको व्यहोरा उल्लेख गरिएको पत्र प्राप्त भएको ।

६ मिति २०७०/०९/२७ गतेको बरामदी मुचुल्कामा उल्लेख भए अनुसारको गोली राउण्ड ७ र म्याग्जिन थान १ मेरो झोलाको बाहिरी पट्टीको साइड पकेटमा भुलबस रहेकोले बरामद भएको ठीक साँचो हो,म अमेरिकी प्रहरी अफिसर हुँ, अमेरिकी कानून अनुसार मैले आफ्नो साथमा हतियार र गोली राख्न सक्छु,नेपाल आउने क्रममा मेरो साथमा भएको सर्भिस हतियार अफिसमा नै छाडेको भए पनि गोली ७ राउण्ड र म्याग्जिन थान १भुलवस व्यागको साइड पकेटमा रहन गई यहासम्म ल्याई पुगेछु, जुन कुरा म पक्राउ हुनु भन्दा पूर्व म समेतलाई थाहा थिएन,उक्त गोलीहरु मैले साथमा लिई हिड्नु पर्ने अन्य कारण केही थिएन र छैन, भुलबस ल्याएको कसुरमा माँगदावी अनुसार सजाय हुनु पर्ने होइन तथा नेपालको कानून उलंघन हुन गएकोमा म स्वयम दु:खि छु भन्ने समेत व्यहोराको प्रतिवादी JOHN DAVID RUBEN LEONARD ले यस कार्यालयमा गरेको साविती वयान ।

## यस कार्यालयको ठहर

७. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि वादी तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री फटिकराज मुडभरीले प्रतिवादीले अभियोग पत्रमा उल्लेख भए अनुसारको कसुर अपराध गरेको देखिदा निजलाई अभियोग पत्रको मागदावी अनुसार सजाय हुनु पर्छ भनी गर्नु भएको वहस तथा प्रतिवादी तर्फबाट उपस्थित विद्धान अधिवक्ता द्धय श्री राजेन्द्रप्रसाद गौतम र वेलबहादुर गुरुङ्गले गर्नु भएको बहसमा मेरो पक्षबाट भुलवस उपरोक्त गोलीहरु आफ्नो लगेजमा रहन गएछ, मनसाय रहित स्थितिमा भएको उपरोक्त कार्य अपराध हुन सक्दैन तसर्थ प्रस्तुत मुद्दामा मेरा पक्षलाई सफाई होस् भनी गर्नु भएको बहस जिकिर एवं प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी JOHN DAVID RUBEN LEONARD ले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२), ४(२) र ५(१) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

८. यसमा मिशिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा वरामदी मुचुल्कामा उल्लेख भए अनुसारको पेस्तोलको गोली राउण्ड ७ र म्याग्जिन थना १ आफ्नो साथबाट बरामद भएको कुरालाई स्वीकार गरी प्रतिवादी JOHN DAVID RUBEN LEONARD ले यस कार्यालयमा वयान गरेको र बरामदी मुचुल्का, बुझिएका मानिसहरुले गरि दिएको कागज, मौकाको वयान समेतलाई अन्यथा हो भन्न नसकेको हुदा प्रतिवादी अमेरिकी प्रहरी अधिकृत भएता पनि नेपाल प्रवेश गर्दा निजले विना ईजाजत आफ्नो साथमा पेस्तोलको गोली राउण्ड ७ र म्याग्जिन थान १ साथमा लिई हिड्ने कार्य गरी हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२), ४(२) र ५(१) अनुसारको कसुर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई सोही ऐनको दफा २०(३) अनुसार प्रतिवादी JOHN DAVID RUBEN LEONARD लाई रु २५,०००।- (पच्चिस हजार) जरिवाना हुन्छ । प्रतिवादीलाइ भएको जरिवाना कानून बमोजिम असुल गर्नु र बरामद भएको गोली राउण्ड ७ र म्याग्जिन थान १ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी JOHN DAVID RUBEN LEONARD लाई २५,०००।- (पच्चिस हजार) जरिवाना हुने ठहरी फैसला भएकोमा निज मिति २०७०/०९/२७ देखि थुनामा बसेको देखिदा सो थुनामा बसेको अवधिको कानून बमोजिम जरिवाना रकमबाट कट्टा गरी बाँकी जरिवाना रकम दाखिला गरे निजलाई छाडी दिनु, अन्यथा कानून बमोजिम कैदी पूर्जि दिई स्थानीय कारागारमा थुनामा राख्न पठाउनू..........................................................................................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ..................................... .... ........................................ २

वरामद गोली र म्यागिजन जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनू ............................................................... ३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..... ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ........................................................................ ५

...................................

(**बसन्त राज गौतम**)

प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल माघ ३ गते रोज ६ शुभम् .......................................................................